**मेचीनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेचीनगर, झापा**

## प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३/०६/१५**

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत आर्थिक वर्ष [२०८३/०८४] मा प्रत्येक चौमासिकमा १ वटा गरी जम्मा ३ वटा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले सो कार्यका लागि योग्य तथा इच्छुक परामर्श सेवा प्रदायकबाट देहायबमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएको छ।

**१. सेवाको विवरण**

| क्र.सं. | सेवाको नाम | कार्यक्रम संख्या |
|---|---|---|
| १ | सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनसम्बन्धी परामर्श सेवा | ३ वटा |

**२. सेवा अवधि**

सम्झौता भएको मितिदेखि आर्थिक वर्षको अन्त्यसम्म। तीनवटै सार्वजनिक सुनुवाई कार्यक्रम प्रत्येक चौमासिकमा एक पटक सञ्चालन गर्नुपर्ने।

**३. प्रस्ताव पेश गर्न सक्ने सेवा प्रदायक**

प्रचलित कानूनबमोजिम दर्ता भई अद्यावधिक रहेको तथा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सामाजिक जवाफदेहिता, कार्यक्रम सहजीकरण वा समान प्रकृतिको कार्य गर्ने अनुभव भएको संस्था/फर्म/कम्पनीले प्रस्ताव पेश गर्न सक्नेछन।

**४. पेश गर्नुपर्ने कागजात**

प्रस्ताव साथ देहायका कागजातहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछ:

१. संस्था/फर्म/कम्पनी दर्ता प्रमाणपत्र,
२. संस्था/फर्म/कम्पनी नवीकरण भएको प्रमाण,
३. VAT दर्ता प्रमाणपत्र,
४. पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र/कर दाखिला प्रमाण,
५. व्यवसाय सञ्चालनका लागि आवश्यक इजाजत/अनुमतिपत्र भए सोको प्रतिलिपि,
६. अधिकारप्राप्त प्रतिनिधिको नागरिकताको प्रतिलिपि,
७. संस्था/फर्मको प्रोफाइल,
८. समान प्रकृतिको कार्य अनुभवको प्रमाण,
९. प्रस्तावित विज्ञ/जनशक्तिको CV,
१०. प्राविधिक प्रस्ताव,
११. आर्थिक प्रस्ताव,
१२. सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानूनबमोजिम अयोग्य नभएको स्वघोषणा,
१३. नगरपालिकाले आवश्यक ठानेका अन्य कागजात।

**५. प्रस्ताव पेश गर्ने तरिका**

प्राविधिक र आर्थिक प्रस्ताव खाममा सिलबन्दी गरी खाममा सेवा प्रदायकको नाम, ठेगाना र सेवाको नाम स्पष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ। प्राविधिक प्रस्तावमा सेवा प्रदायकको अनुभव, जनशक्ति, कार्यविधि, कार्यतालिका तथा कार्यक्रम सञ्चालनसम्बन्धी विवरण समावेश गर्नुपर्नेछ। आर्थिक प्रस्तावमा तीनवटै कार्यक्रम सञ्चालनका लागि लाग्ने कुल सेवा शुल्क स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

अनन्त प्रकाश बस्ती
अधिकृतस्तर नवौं
[illegible]

६. **प्रस्ताव पेश गर्ने अन्तिम मिति**

प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले [७] दिनभित्र कार्यालय समयमा मेचीनगर नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

७. **प्रस्ताव मूल्याङ्कन**

प्राप्त प्रस्तावहरूको मूल्याङ्कन स्वीकृत TOR तथा प्रचलित सार्वजनिक खरिद कानून/नियमावलीअनुसार गरिनेछ।

८. **अन्य**

- म्याद नाघी प्राप्त भएका प्रस्ताव स्वीकार गरिने छैन।
- अपूर्ण प्रस्ताव मूल्याङ्कनमा समावेश नहुन सक्छ।
- झुट्टा विवरण वा कागजात पेश गरेको पाइएमा प्रस्ताव रद्द गर्न सकिनेछ।
- आवश्यक परेमा नगरपालिकाले थप कागजात वा स्पष्टीकरण माग गर्न सक्नेछ।
- प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अन्तिम अधिकार नगरपालिकामा रहनेछ।
- अन्य विषय प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा नगरपालिकाका प्रचलित नियमअनुसार हुनेछ।

**अनन्त प्रकाश वस्ती**
**प्रमुख, प्रशासन योजना तथा अनुगमन शाखा**
मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेचीनगर, झापा